# नरहरिनाथ राजपत्र
## नरहरिनाथ गाउँपालिकाद्वारा प्रकाशित
## खण्ड १ नरहरिनाथ गाउँपालिका

**भाग-१**

**कर्णाली प्रदेश**

**नरहरिनाथ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय,**

**कुमालगाउँ, कालिकोट**

**स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम नरहरिनाथ गाउँपालिकाको गाउँकार्यपालिकाबाट मिति २०७६। । गते स्विकृत गरेको नियम सर्वसाधारणको जानकारीको लागी प्रकाशन गरिएको छ ।**

**संवत् २०७४ सालको नियम नं.**

**नरहरिनाथ गाउँपालिकाको**

**जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७६**

**नरहरिनाथ गाउँपालिका कुमालगाउँ, कालिकोट**

# जेष्ठ नागरिक परिचय-पत्र वितरण निर्देशिका, २०७४

जेष्ठ नागरिकलाई संरक्षण र सामाजिक सुरक्षा प्रदान गर्न तथा निजहरुमा रहेको ज्ञान, सीप क्षमता र अनुभवको सदुपयोग गरी निजहरुप्रति श्रद्धा, आदर तथा सद्भाव अभिबृद्धि गर्न साथै राज्य द्धवारा तोकिएको सेवा एवम् सुविधाको उचित व्यवस्थापन गरी नेपालको संविधानको अनुसूची-८ को क.स. १६ बमोजिमको कार्य गर्न नरहरिनाथ गाउँपालिका जेष्ठ नागरिक परिचयपत्र वितरण निर्देशिका, २०७४ जारी गरिएको छ ।

**२. परिचयपत्र वितरणका आधारहरु :**

नेपालको संविधानको धारा ४१ मा उल्लेख भए बमोजिम जेष्ठ नागरिकको हक, जेष्ठ नागरिक सम्बन्धी नियमावली, २०६५ को नियम १५ अनुसार जेष्ठ नागरिकलाई परिचय पत्र दिने व्यवस्था लगायत जेष्ठ नागरिक परिचय पत्र वितरणका आधार हुनेछन् ।

**३. उद्देश्य :**

क. जेष्ठ नागरिकको पहिचान गर्ने र स्थानीय तह देखि नै जेष्ठ नागरिकको लगत राख्ने ।

ख. नेपालको संविधान प्रदत्त जेष्ठ नागरिकको हक अधिकार सुनिश्चित गर्न र जेष्ठ नागरिकको वर्गीकरण अनुसार सार्वजनिक सवारी साधन, सार्वजनिक कार्य, स्वास्थ्य सेवा धार्मिक तथा सार्वजनिक स्थलमा जेष्ठ नागरिकलाई आवश्यक सेवा सुविधा र सहयोग सरल रुपमा प्रदान गर्ने ।

ग. प्रचलित ऐन, नियमअनुसार जेष्ठ नागरिकहरुलाई सामाजिक सुरक्षा न्याय अधिकार र समानता प्रदान गरी निजहरुमा रहेको ज्ञान सीप क्षमता र अनुभवको सदुपयोग गरी विकास प्रकृयामा सहभागी गराउने ।

**४. लक्षित वर्ग :**

जेष्ठ नागरिक सम्बन्धी ऐन २०६३ ले परिभाषित गरे अनुसारका साठी वर्ष उमेर पुरा गरेका सबै नेपाली नागरिकहरु ।

**५. जेष्ठ नागरिकको वर्गीकरण :**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १४ को उपनियम (१) वमोजिम जेष्ठ नागरिकहरुको वर्गीकरण देहाय बमोजिम गरिएको छ ।

(क) सत्तरी वर्ष उमेर पूरा नगरेको जेष्ठ नागरिक,

(ख) सत्तरी वर्ष उमेर पूरा गरेको वरिष्ठ जेष्ठ नागरिक,

(ग) असहाय जेष्ठ नागरिक,

(घ) अशक्त जेष्ठ नागरिक,

(ङ) एकल जेष्ठ नागरिक,

**६. परिचय पत्र वितरणका मापदण्ड**

जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ बमोजिम साठी वर्ष उमेर पुगेका नेपाली नागरिकलाई मात्र जेष्ठ नागरिक परिचयपत्र प्रदान गर्न सकिने छ ।

**७. जेष्ठ नागरिक परिचय पत्रको ढाँचा :**

जेष्ठ नागरिक परिचय पत्र प्राप्त सम्बन्धी नियमावली २०६५ को अनुसूची ३ बमोजिमको ढाँचालाई नै आधार मानी जेष्ठ नागरिक परिचयपत्रको ढाँचा यस निर्देशिकाको अनुसूची १ बमोजिम हुनेछ । जेष्ठ नागरिक परिचयपत्रको आकार (Size) नेपाली नागरिकताको प्रमाणपत्रको आकार बराबरको हुनेछ । साथै जेष्ठ नागरिक परिचय पत्र प्राप्तीका लागि पेश गरिने निवेदनको ढाँचा यसै निर्देशिकाको अनुसूची २ बमोजिम हुनेछ ।

**८. परिचय पत्र वितरण प्रकृया :**

(क) जेष्ठ नागरिक परिचय पत्र प्राप्त गर्न साठी (६०) वर्ष उमेर पुगेको जेष्ठ नागरिक स्वयम् वा निजको संरक्षकले सम्बन्धित वडाका वडाध्यक्ष समक्ष निवेदन दिनुपर्ने छ ।

(ख) निवेदन साथ आफ्नो उमेर खुलेको नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, अन्य जिल्लाको नागरिकताको हकमा बसाई सराई प्रमाणपत्र को प्रतिलिपी, दुई (२) प्रति पासपोर्ट साइजको फोटो संलग्न गर्नुपर्ने छ । उमेर प्रयोजनको लागि नागरिकताको प्रमाणपत्रलाई आधार मानिनेछ ।

(ग) जेष्ठ नागरिक परिचय पत्र प्रदान गर्ने अधिकारी सम्बन्धित स्थानीय वडा कार्यालयको वडा सचिव हुनेछ ।

(घ) परिचयपत्र प्राप्त जेष्ठ नागरिकहरुको लगत तोकिए बमोजिमको सफ्टवेरमा कम्प्युटराइज गरी सम्बन्धित वडा कार्यालयमा राखी चौमासिक रुपमा नरहरिनाथ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयमा प्रतिवेदन गर्नु पर्नेछ । उक्त लगत गाउँकार्यपालिकाको कार्यालय मार्फत बार्षिक रुपमा प्रदेश र संघको सम्बन्धित मन्त्रालयमा जानकारीको लागि पठाउनु पर्नेछ ।

(ङ) जेष्ठ नागरिक परिचयपत्रको प्रतिलिपी लिन सम्बन्धित प्रहरी कार्यालयको सिफारिस वा वडा को सिफारिस सहित निवेदन पेश गर्नुपर्ने छ ।

## **९. विविध :**

(क) जेष्ठ नागरिक परिचयपत्र वितरणको लागि थप कार्यविधि तथा स्पस्टता आवश्यक परेमा गाउँकार्यपालिकाले आफै निर्धारण गर्नेछ ।

(ख) जेष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धमा माथि उल्लेखित व्यवस्था बाहेक अन्य कुनै द्धुविदा उत्पन्न भएमा प्रचलित कानूनको अधिनमा रही प्रमुख प्रशासकीय अधिकृतले निर्धारण गरेबमोजिम हुनेछ ।

(ग) यो निर्देशिका गाउँकार्यपालिकाको बैठक बाट निर्णय भएपछि लागू हुनेछ । यो निर्देशिका जारी हुनुभन्दा अघि जारी भएका ज्येष्ठ नागरिक परिचयपत्र वितरण सम्बन्धी कार्य यसै निर्देशिका बमोजिम भएको मानिने छ ।

## अनुसूची १

## जेष्ठ नागरिक परिचय पत्रको ढाँचा जेष्ठ नागरिक परिचय-पत्र

परिचय पत्र नं. .......
नाम थर ..................................
ना.प्र.नं. ............................ जारी भएको जिल्ला
स्थाई ठेगाना: जिल्ला....................................पा.पा. ..........
वडा नं...............टोल.................................
उमेर..........................लिङ्ग......................
उपलब्ध छुट तथा सुविधाहरु...............................................
पति/पत्नी को नाम..................................................................
हेरचाह केन्द्रमा बसेको भए सोको विवरण...............................
संरक्षकको नाम.................................ठेगाना...............सम्पर्क नं.......
रक्त समूह र रोग भए रोगको नाम र सेवन गरिरहेको औषधिको नाम.........................................

प्रमाणित गर्ने अधिकृतको
दस्तखत :..............................
नाम थर :..........................
पद :..................................
कार्यालय :...........................

| |
|---|
| सार्वजनिक स्थान तथा कार्यमा प्राथमिकता |

कृपया यो परिचयपत्र कसैले पाएमा सम्बन्धित वडा कार्यालय, वा प्रहरी कार्यालयमा बुझाईदिनु होला ।

**Senior Citizen Identity card**

**Card No……….**

**Name:………………………**

**Citizenship No:…………..**

**Age:** …………… **Gender:………………**

**Address:** Kalikot District, Naraharinath Rural Municipality, **Ward No**:….

**Blood Group:…………**

**Contact No:………….**

**Available Discount and Services:……………**

**Approved By:**

priority in Public

Places and Works

**Signature:………………….**

**Name:………..………....**

**Designation:………………..**

***If you found this card, please return back it in this Office or in District Police Office.***

## अनुसूची २
## (निवेदन पत्र)

श्रीमान् वडाध्यक्ष ज्यू,
....... नं वडा समितिको कार्यालय,

मिति : नरहरिनाथ गाउँपालिका ।

**विषय : जेष्ठ नागरिक परिचय पत्र पाउँ ।**

जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ बमोजिम म...................... जेष्ठ नागरिक भएको हुँदा जेष्ठ नागरिक सम्बन्धी नियमावली २०६५ को नियम १५ तथा नरहरिनाथ गाउँपालिका जेष्ठ नागरिक परिचय पत्र वितरण निर्देशिका, २०७४ मा व्यवस्था भए बमोजिम सोही निर्देशिकाको अनुसूची २ बमोजिमको ढाँचामा जेष्ठ नागरिक परिचय पत्र उपलब्ध गराई पाउँ भनी तपशिलको व्यक्तिगत विवरण समेत भरी आवश्यक कागजात सहित यो निवेदन पेश गरेको छु ।

**१. जेष्ठ नागरिकको व्यक्तिगत विवरण :**

क. नाम थर :........................................... (लिङ्ग)............
ख. वावुको नाम थर.........................................................
ग. पति/पत्नीको नाम थर:................................................
घ. जन्म मितिः.................................
ङ. जन्मस्थानः जिल्ला (............................)
च. स्थाई ठेगाना : नपालिका वडा नं ...... नरहरिनाथ गाउँपालिका टोलको नाम ......................................
छ. ना.प्र. प नं........................ (जारी जिल्ला)............................
ज. स्वास्थ्य सम्बन्धी विवरणः (कुनै विशेष रोग भए उल्लेख गर्ने)
..............................................................................

**२. जेष्ठ नागरिकको पारिवारिक विवरण :**

क. जम्मा सन्तान संख्याः .........., ख. छोरा ...............

ग. छोरी ............ घ. अन्य........... जना ।

ङ. हेरचाह केन्द्रमा बसेको भए सो को विवरणः

**३. शैक्षिक योग्यता**.....................................

**४. पेशागत दक्षताः**....................................

**५. अनुभवको क्षेत्र**.....................................

**६. जेष्ठ नागरिकको सम्पत्ती विवरण :**

अ. चल सम्पत्ती...............................

आ. अचल सम्पत्ती............................

**७. सम्पर्क व्यक्तिको सम्पर्क नम्बर :**.................................. **पेश गरिएका कागजातहरु :**

क. नेपाली नागरिकता प्रमाणपत्र को प्रतिलिपी

ख. बाह्य जिल्लाको नागरिकता भए बसाइसराई प्रमाण-पत्रको प्रतिलिपी ।

**निवेदक :**

दस्तखत :

नाम थर :

**आज्ञाले**

लाल बहादुर मल्ल

प्रमुख प्रशासकीय अधिकृत

नरहरिनाथ गाउँपालिका

कुमालगाउँ, कालिकोट

*प्रमाणीकरण मिति : ईतिसम्वत २०७७ साल जेठ ४ महिना रोज ६ शुभम् ।*